# जन्मभूमिको माया

सन् 1984 मा जैन मुनि भएपछि उहाँलाई आफ्नो जन्मभूमिको मायाले सधैं सताईरहन्थ्यो । आफू जन्मेको मातृभूमि प्यारो लाग्नु स्वाभाविकै हो । जैन सन्त भएपछि जैन धर्म अनुसार उहाँहरु जहाँ गए पनि पैदल यात्रा गर्नुपर्थ्यो । सवारी साधनको प्रयोग गर्न पाईन्नथ्यो । उहाँलाई नेपाल आउने अवसर मिलिरहेको थिएन । उहाँलाई सधैं एउटै प्रश्नले सताउँथ्यो - हाम्रो जन्मभूमि नेपालमा जैन धर्म र जैन धर्मावलम्वीको स्थिति कस्तो होला ?

जन्मभूमिको मायाका कारण मणिभद्रजी महाराजले सन् 1999 जनवरी 26 का दिन नेपाल यात्राका लागि पाईला चाल्नुभयो । उहाँका आराध्य गुरुदेव तपस्वीरत्न श्री सुमति प्रकाशजी महाराज एवं उपाध्याय प्रवर डा. श्री विशाल मुनिजी महाराजको शुभ आशीर्वाद लिएर उहाँले आफ्नो यात्रा थालनी गर्नुभएको थियो । उहाँ छिटोभन्दा छिटो आफ्नो जन्मभूमिलाई स्पर्श गर्ने अवसरको खोजीमा हुनुहुन्थ्यो । सन् 2000 फरवरी 24 का दिन बिहीवार त्यो प्रतिक्षाको घडी पनि आईपुग्यो । सूर्योदय हुनासाथ रक्सौलबाट नेपाल तर्फ पाइलाहरु अघि बढ्दै आए ।

मणिभद्रजी महाराजले आफ्नो जन्मभूमिलाई जब स्पर्श गर्नुभएको थियो, त्यहाँ उहाँको स्वागतार्थ उहाँका संसारिक भाइ पदमलाल सुवेदी अघि देखापरे । साथै त्यहाँ बाल्यकालका साथीहरुका साथै इष्टमित्र, शुभचिन्तकहरु देखेर मणिभद्रजी महाराज खुसी भई आफन्तहरुसँग कुरा गर्नुहुन्छ । त्यसबेला वीरगञ्ज जैन समाजका श्रावकहरुलाई बिल्कुलै यो थाहा थिएन कि यी जैनमुनि जसलाई स्वागत गरिरहेका छौं जो जन्मले नेपाली हुन् । उनीहरुले सोधे- महाराज ! कसरी नेपाली भाषा बोल्नुभयो ? महाराजले उत्तर दिनुभयो- "आफ्नो मातृभाषा कसरी बिर्सन सकिन्छ ? त्यो त हाम्रो नशा - नशामा रस बनेर बसिसकेको छ । यसैले त मातृभाषालाई रक्तभाषा पनि भनिन्छ ।" जैन समाजका सदस्यहरु यो जानेर चकित भए कि यी दुई मुनि मात्र होइनन् अन्य पच्चिस-तीसजना

साधु र साध्वी पनि नेपाली छन् । यस तथ्यले त्यहाँ उपस्थित मात्र होइनन् अन्य नेपालीहरुलाई पनि हर्षित तुल्यायो । आफ्नो मातृभूमि प्रवेशको दोस्रो दिनको विहानीले उहाँलाई विशेष रुपले हर्षित पारिरहेको थियो । त्यसदिन उहाँहरु पशुपति शिक्षा मन्दिरको कार्यक्रममा सामेल भै नेपाली भाषामा छात्रछात्राहरुलाई सम्बोधन गर्नुभयो । साथै त्यस दिन पुराना स्नेहीहरुसँग अनेकौं स्मरणात्मक कुराकानीमा बिताउनुभयो ।

वीरगञ्जका जैन धर्मावलम्वीहरुले यस कुरालाई बढी प्रचार गरेका थिए- "यहाँ जैनमुनिहरु जो आइरहेका छन् उनीहरु नेपाली हुन् ।" अतः उहाँहरुको आगमन एउटा हृदयस्पर्शी समाचार बन्यो । त्यहाँका पत्रपत्रिकाले बडो महत्वका साथ समाचार प्रकाशित गरे । कैयौं पत्रकारहरु भेटघाट गर्न आए । उनीहरुले महाराजजीसँग धेरै प्रश्नहरु राखे । सबैभन्दा बढी प्रश्न के आयो भने उहाँहरुले हिन्दू राष्ट्र नेपालमा जन्मेर हिन्दू धर्मलाई त्यागेर कसरी जैन धर्म अपनाउनु भयो ? उहाँले बडो सावधानी र तार्किकताका साथ उनीहरुलाई सम्झाउनु भयो । उहाँले भन्नुभयो - "कुनै धर्म परित्याग गरेका छैनौं । जैन धर्मका सिद्धान्तले हामीलाई विशेष रुपमा आकर्षित गऱ्यो । हामी केवल जैन धर्म होइन मानव धर्मलाई लिएर अगाडि बढिरहेका छौं । प्रभु महावीरले भन्नुभएको धर्मको श्रेष्ठता त्यहीं प्रतिष्ठित हुन्छ जहाँ अहिंसा, संयम, तप, सेवा र अपरिग्रह हुन्छ । केवल आवश्यक हुन्छ- सैद्धान्तिक निष्ठाको । स्थापना र कर्मकाण्डको प्रवलताले मात्र कुनै धर्म, धर्म हुन सक्दैन । जुन धर्मको चिन्तन र व्यवहारले प्राणी मात्रको सेवा गर्छ र तिनको उद्धारको लागि प्रयत्न गर्छ त्यही धर्म नै सच्चा धर्म हो । मानव धर्म पनि त्यही हो ।" उहाँहरुका अभिव्यक्ति र धर्मको परिभाषाबाट पत्रकार मित्रहरुले सन्तुष्टि व्यक्त गरे । साथै आ-आफ्ना पत्रिकामा उक्त विचारलाई प्रमुखताका साथ समाचारमा स्थान दिए ।

मणिभद्रजी महाराज त्यसबेलाको नेपाल यात्रा प्रकरण सम्झँदै भन्नुहुन्छ- "चौबिस फेब्रुअरी सोमवारका दिन काठमाडौंको लागि यात्रा शुभारम्भ गरेका थियौं । बाटोमा तुलाराम दुगड, मालचन्द्र वेगानीको आतिथ्यता ग्रहण गर्दै हामी सिमरा पुग्यौं । सिमराबाट अगाडि बढ्दै जाँदा वास्तविक नेपालको दर्शन भइरहेको अनुभूति भयो । सुनसान जङ्गल र ग्रामीण क्षेत्रबाट यात्रा गर्ने मौका पायौं । हामी

दुईजना सन्त र केही सहयोगीहरु जङ्गलको बाटो हुँदै अघि बढ्दै थियौं । केही सुरक्षाकर्मीले हामीलाई रोके । उनीहरुको विचारमा हामी भेष बदलेर कतै सुराकी गरिरहेका त छैनौं ? त्यसबेला नेपालमा माओवादी समस्या चर्को रुपमा थियो । हामीले उहाँहरुलाई भन्यौं- हामी जैन मुनि हौं र धर्म प्रचारका लागि यात्रा गर्दैछौं । हामीसँग लुगाफाटा र पुस्तक बाहेक साथमा अरु केही छैन । हाम्रो पैत्रिक घर पोखरा आसपास हो । हाम्रो कुरा सुनेर सुरक्षाकर्मीहरुले माफी माग्दै भने- हामी पनि आफ्नो कर्तव्यमा बाँधिएका छौं । तपाईहरु पनि सतर्कतापूर्वक अगाडि बढ्नु होला ।"

"यस घटनाबाट मणीभद्र महाराजलाई यस कुराको संकेत मिल्यो की नेपाल तीव्र वैचारिक द्वन्द्वबाट अगाडि बढिरहेको छ । आफ्ना राजनीतिक विचारधाराका कारण समाजमा संघर्षको स्थिति पैदा भएको छ । तर जुन विचारधारामा मानव कल्याणका लागि उच्च चिन्तन देखिदैंन र शान्ति, सद्‌भाव, सत्य, अहिंसा, अपरिग्रह, दया तथा सेवा जस्ता सुखद सन्देशहरु छैन भने त्यो मनुष्य समाजका लागि स्वीकार्य नहुन पनि सक्छ । थोपरिएको राजनीति विचारधारा र शासन पद्धतिले केही समयका लागि प्रभाव पार्न सक्ला तर कालान्तरमा त्यसबाट मनुष्यको आत्मा वेचैन हुन सक्दछ, सन्तुष्ट हुन सक्दैन ।"

"हामीले तराईको यात्रा समाप्त पारेर मार्च सन् २००० मा पहाडी यात्रा शुभारम्भ गर्न थाल्यौं । प्राकृतिक सौन्दर्यले ओतपोत पहाडी वातावरण साँच्चिकै मनमोहक र सुन्दर थियो । आकाशमा फैलिएको बादल पहाडमाथि सेता पछेउरोले ढाके जस्तो लाग्थ्यो । यस्तो रमणीय दृश्य हेर्दै हामी अघि बढ्दै गयौं । हामी औद्योगिक नगरी हेटौडा पुग्यौं । मणिभद्रजी महाराज त्यस बेलाको यात्रा स्मरण गर्दै भन्नुहुन्छ - चारैतिर पहाडले घेरिएको यो सानो र अनौठो शहर प्राकृतिक रुपमा सुन्दर देखिन्थ्यो । त्यसपछि हामी यात्राको दौरानमा विभिन्न ठाउँमा आराम गर्दै त्रिखण्डेश्वर हुँदै भैंसे गाउँ पुग्यौं । प्राकृतिक सौन्दर्यको आनन्द लिंदै हामी भिमफेदी आइपुग्यौ । जनश्रुतिको अनुसार भिमफेदी गाउँ पाण्डवपुत्र भिमसँग सम्बन्धित छ । त्यसपछि विभिन्न ठाउँको यात्रा तय गर्दै हामी कुलेखानी बाँधमा आइपुग्यौं ।"

यात्राको क्रममा केही मानिसलाई यो भ्रम भएको थाहा भयो कि हामी जैन सन्तहरु केही सेठ साहुजीहरुका मात्र गुरु हौं । उनीहरुको तर्क थियो- साहुजीहरु गरीबको रगत चुसेर धनी बनेका छन् । मणिभद्रजी महाराजले त्यसबेला तिनीहरुलाई सम्झाउनु भयो- तपाईंहरुलाई गरीब बनाउनमा उनीहरुको कुनै हात हुँदैन । व्यक्ति स्वयं पनि आफ्नो खराब आचरणका कारण गरीब हुनमा जिम्मेवार हुन्छ । जब कुनै साहुमहाजन दिनमा सय रुपियां कमाउँछ तब उसको कोशिस हुन्छ पचास रुपियाँ खर्च गरेर पचास रुपियाँ जोगाउने । तर केही व्यक्ति सय रुपियाँ कमाउँछन् तर त्यो भन्दा बढी खर्च गरिदिन्छन् । चाहे त्यसका लागि उधारो लिन किन नपरोस् !

महाराज भन्नुहुन्छ- "सानो उमेरबाट हामीले पहाड र हिमाल देखेका भए पनि त्यसको सौन्दर्यताको अनुभूति र आंकलन गरेका थिएनौं । काठमाडौं पस्ने बेलामा पहाडको उचाईबाट चाँदीझैं चम्किरहेको नागराज हिमालको दर्शन गर्ने सौभाग्य मिल्यो । त्यो दृष्य देखेर हाम्रो हृदय प्रसन्नताले घेरियो । सूर्यको स्निग्ध किरणले शीतल पवनको आनन्द लिनको लागि हामी केही समय त्यहाँ रोकियौं ।

जब मणिभद्रजी महाराज काठमाडौं प्रवेश गर्नुहुन्छ, त्यहाँ उहाँको भव्य स्वागतार्थ काठमाडौंका जैन महिला मण्डलका सदस्यहरु आईपुग्छन् । स्वागतयात्रा कमलपोखरी स्थित जैन भवनमा पुगेर रोकिन्छ । त्यसबेला स्वागतार्थ उपस्थित हुने प्रमुख व्यक्तिहरुमा जैन समाजका सुप्रशिद्ध उद्योगपति स्व. हुलासचन्द्र गोल्छा वरिष्ठ उद्योगपति तुलाराम दुगड, तेरापन्थी समाज, श्वेताम्बर मूर्ति पूजक, दिगम्बर समाजका सदस्यहरु लगायत विभिन्न धार्मिक संघ संस्थाहरुको उपस्थिति थियो । त्यस दिन महाराजले नेपाली भाषामा नै श्रोताहरुलाई मन्त्रमुग्ध पार्दै प्रवचन दिनुभयो । मानवसेवा र धर्मका बारे जोड दिंदै उहाँले भन्नुभयो- "मानव जन्मको सार्थकता यसैमा छ कि दु:खी, पीडित मानवजातिको सेवामा नि:स्वार्थ भावले अर्पित हुन सकियोस् ।

मानिस जन्मबाट मृत्युसम्म विविध गतिविधिमा संलग्न हुन्छ । तर ऊ आफ्नो लक्ष्यबाट कहिल्यै पनि भड्कनु हुँदैन । दु:खी, पीडित मानवको सेवा नै मोक्षको द्वार खोल्ने माध्यम हो । आफ्नो जीवन व्यापार, व्यवसाय सम्पन्न गर्दै सांसारिक इच्छाहरुको दमन र नानाप्रकारका अभावहरुबाट सन्तप्त मानवताको

सेवा पुऱ्याउनु नै विश्वकल्याणको मार्ग हो । जैन धर्मको समस्त चिन्तन र शास्त्रको केन्द्रविन्दु मनुष्य हो । मानिस जातिलाई सांसारिक दुःख, शोक, सन्ताप, भड्काव आदि व्याधिबाट मुक्ति दिलाउनु नै जैन धर्मको मर्म हो ।"

जैन भवनमा अत्याधिक संख्यामा श्रद्धालुहरुको आगमन भएको थियो । साथसाथै महाराजजीको प्रवचन प्रक्रिया अगाडि बढ्दै थियो । उहाँले भन्नुभयो- "धर्मको रचना मानव जीवनको सम्यक विकास, सहयोजन, सहचिन्तन, सहिष्णुताका लागि भएको थियो । तर उसैको नाममा सबैभन्दा बढी रक्तपात विगतमा झैं वर्तमानमा पनि भइरहेको छ । धर्मको मर्म ठीकसँग परिभाषित गर्न नसक्दा यस्तो भइरहेको अनुभूति भएको हो । स्वार्थी राजनीतिक नेताहरु र धर्मको नाममा आफ्नो व्यवसाय चलाउने पाखण्डीहरुको लागि आज धर्म आफ्नो स्वार्थ सिद्ध गर्ने हतियार बनेको छ । जबसम्म मानव-समाजले त्यस भ्रमलाई राम्ररी बुझ्दैन, तबसम्म समाजमा रक्तपात भइरहने छ । आज जरुरी छ एउटा वैचारिक क्रान्तिको । धर्मले मात्र होइन जातीय उच्चताको नाममा पनि अनेकौं युद्धहरु भइरहेका छन् । त्यस्तै देशको सीमा विवाद पनि मानव संहारको कारक तत्व बन्न पुगेको छ ।"

मणिभद्रजी महाराजले आफ्नो कर्मभूमिबाट जन्मभूमिसम्म भन्ने पुस्तकमा हिंसापूर्ण दृश्य शिर्षकमा लेख्नुभएको छ- "धर्तीका सबैभन्दा बढी बुद्धिमान प्राणी ठानिने मानिसहरु आफ्नो स्वाद र तृप्तिका लागि कति निर्दयताका साथ विनम्र, निरीह र अनाथ पशुहरुको गर्धनमाथि खुकुरी चलाउँछन् । ग्राहक आकर्षण गर्नका लागि मासु पसल बाहिर जुन रुपमा विज्ञापनका तारिकाहरु अपनाइन्छ त्यो हिन्दु समाजका लागि शोभाजनक थिएन । जब एक दिनमा यति धेरै पशुहरुको हत्या हुन्छ भने यसबाट पशुधनको ह्रास हुनु स्वाभाविकै हो । तर मानिसले ती निरीह पशुहरुको हृदय विदारक आवाजलाई जब मनमा प्रवेश गराउँछ त्यसबाट उनीहरुको भित्री आँखामा देखिएका निर्दोषताको अर्थ सम्झन सकिन्छ । यस्ता घटनाबाट मानव समाजका बिच सुख शान्तिको कमी हुनु स्वाभाविक हो । मानिसले सम्झन्छ पशुहरु पनि उनीहरुका लागि हितकारी र सहयोगी हुन् । उनीहरुको कठोर परिश्रम र अमृतरुपी दूधबाट मानिसले आफ्नो जीवनलाई परिपुष्ट गर्दछ । निश्चित रुपमा उनीहरुको जीवनमा दया, क्षमा, सद्भाव र सहयोगको भावनामा वृद्धि हुन्छ । ती निरीह प्राणीहरु मानिसहरुका लागि अत्यन्त सहयोगी र जीवनका आधार बन्दछन् । तै पनि मानिस शाकाहारी हुन जान्दैनन् ।